नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#१९

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार । ७ फाल्गुन २०७६ (१९ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फाल्गुन ६ गते सम्ममा यो रोग ७३३३२ जनामा फैलीसकेको छ भने यस रोगका कारण १८७३ (चीनमा मात्र १८७०) जनाको मृत्यु भैसकेको छ । चीनबाहिर २५ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

| | |
|---|---|
| **विश्वभर** | पुष्टी भएका केसहरू: ७३३३२<br>मृत्यु हुनेको संख्या: १८७३ |
| **चीनमा** | पुष्टी भएका केसहरू: ७२५२८<br>मृत्यु हुनेको संख्या: १८७० |
| **चीन बाहिर** | अन्य प्रभावित देशहरु: २५<br>पुष्टी भएका केसहरू : ८०४<br>मृत्यु हुनेको संख्या: ३ |

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* ६ फाल्गुन २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| २१० | २०९ | १ |

*क्वारेन्टाइनमा रहेका १७५ जनाको सहित (* ७ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म





माननीय मन्त्रीज्यू क्वारेन्टाईन केन्द्रमा



नेपाल सरकारले कोरोना भाइरस रोग (कोभिड-१९) फैलन नदिन निगरानी, नियन्त्रण र रोकथामका कार्य प्रभावकारी रूपमा सञ्चालन गरिरहेको छ । नेपालबाट अध्ययन तथा व्यवसायका क्रममा चीनको हुवेई प्रान्तका उहान लगायतका विभिन्न सहरमा रहेका नेपालीहरूको उद्धारका लागि फागुन ३ गते अपह्नन्तिर नेपाल वायुसेवा निगमको जहाज उहान प्रस्तान गरी फागुन ४ गते बिहान चीनको उहानबाट १७५ जना नेपाली नागरिकलाई लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो । विमानस्थलमा नै प्रारम्भिक परीक्षण पश्चात भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकाको खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रमा क्वारेन्टाइनका लागि तयार गरिएको स्थानमा पुऱ्याइएको थियो । फागुन ४ गते राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका प्राविधिकहरू क्वारेन्टाइन स्थलमा नै पुगी १७५ जनाको नाक र घाँटी भित्रको स्वावको नमुना सङ्कलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ल्याइ Real Time RT-PCR बाट कोभिड-१९ परिक्षण गरिएको थियो ।

**परीक्षण गरीएका १७५ जना सबैको नमुनाहरुमा २०१९ नोभेल कोरोना भाइरस (कोभिड-१९) नेगेटिभ पाइयो ।**

सबै १७५ जना नेपाली नागरिकमा २०१९ नोभेल कोरोना भाइरस नकारात्मक देखिएको जानकारी गराउन पाउँदा नेपाल सरकारका साथसाथै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ज्यादै खुशी भएको छ । अब क्वारेन्टाइनमा बसेको १४ औं दिनपछि पनि पुन: प्रत्येक व्यक्तिको नाक र घाँटी भित्रको स्वावको परीक्षण हुने समेत जानकारी गराइन्छ । चीनको हुबेइ प्रान्तबाट नेपाल ल्याइएका सबै नेपाली दाजुभाइ तथा दिदी बहिनीहरू स्वस्थ हुनुभएको र परीक्षणमा सङ्क्रमण नदेखिएकाले त्रसित हुनु नपर्ने व्यहोरा पनि जानकारी गराउन चाहन्छौं ।

चीनदेखि नेपाल ल्याउन सहयोग गर्नु हुने सबै संस्था तथा महानुभावहरू र खरिपाटीको क्वारेन्टाइन केन्द्रमा रातदिन खटिरहनु भएका निजामती कर्मचारी, चीन स्थित नेपाली राजदूतावासका महामहिम राजदुत तथा कर्मचारीहरु, नेपाल वायुसेवा निगमका क्याप्टेनलगायत चालकदलका सदस्यहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका कर्मचारीहरू, नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू, नगरपालिका, स्थानीय समुदाय, संचारकर्मीहरू एवम् विभिन्न सहयोगी संस्थाहरूलाई हार्दिक धन्यवाद दिँदै क्वारेन्टाइन केन्द्रमा बसी देश र स्वास्थ्यका लागि सहयोग गरी योगदान दिनुहुने नेपाली दाजुभाइ दिदीबहिनीहरूप्रति आभार प्रकट गर्दछौं ।

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

COVID-19 IEC | Press Release MoHP | Technical Guidance

HUB Hospitals | Presentation | Contacts

**HEDMU/HEOC**
**Phone:** 01-4250845,
**Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np,
**fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal